अजिरकोट गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड: ७ संख्या: ०५ मिति: २०८०/०२/१७

## भाग- २

## अजिरकोट गाउँपालिका

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम अजिरकोट गाउँपालिकाले अजिरकोट गाउँपालिकाको युवामैत्री स्थानिय शासन कार्यक्रम सञ्चालन कार्यविधि-२०८० वनाई सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरेको छ ।

# युवामैत्री स्थानिय शासन कार्यक्रम सञ्चालन कार्यविधि-२०८०

**गाउँपालिका स्वीकृत मिति २०८०।०२।१७**

**प्रमाणिकरण मिति २०८०।०२।१७**

**अजिरकोट गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय**
**भच्चेक, गोरखा**
**गण्डकी प्रदेश, नेपाल**

# युवामैत्री स्थानिय शासन कार्यक्रम सञ्चालन कार्यविधि-२०८०

प्रमाणीकरण र प्रकाशन मितिः २०८०।०२।१७

## १. प्रस्तावनाः

वि.स २०७२ सालमा जारी भएको नेपालको संविधान, पन्ध्रौ योजना, राष्ट्रिय युवा नीति २०७२, युथ भिजन २०२५, दश वर्षे रणनितिक योजना, स्थानिय सरकार संचालन ऐन -२०७४ को दफा १०२ अनुसार स्थानिय सरकारले संचालन गर्ने गतिविधी तथा कार्यक्रमलाई युवामैत्री किसिमको सञ्चालन गरी युवाको समग्र व्यक्तित्व विकास गर्दै, शिक्षित, स्वास्थ, उद्यामशील र नेतृत्वदायी क्षमतायुक्त बनाउदै गाउँपालिकालाई युवामैत्री बनाउन यो कार्यविधि तयार गरिएको छ।

**२. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम " युवामैत्री स्थानिय शासन सम्बन्धी कार्यविधि" रहने छ। यसपछि छोटकरीमा यसलाई "कार्यविधी" मात्र भनिने छ। यो कार्यविधि गाउँकार्यपालिकाले स्वीकृत भएको मितिदेखि लागु हुनेछ।

**३. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) 'मन्त्रालय' भन्नाले संघिय युवा तथा खेलकुद मन्त्रालयलाई सम्झनु पर्छ।
ख) 'युवा' भन्नाले १६ वर्षदेखि ४० वर्ष उमेर समूहका व्यक्ति सम्झनुपर्दछ।
ग) 'परिषद्' भन्नाले राष्ट्रिय युवा परिषद्लाई सम्झनुपर्दछ।
घ) 'युवा मैत्री शासन' भन्नाले यस कार्यविधि बमोजिम सञ्चालन हुने, युवा मैत्री स्थानीय शासन दिग्दर्शनमा उल्लेखित सूचक प्राप्ती भएको शासनलाई सम्झनु पर्दछ।
ङ) 'कार्यक्रम' भन्नाले १६ देखि ४० वर्ष उमेर समूहका युवाहरुलाई यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रमलाई सम्झनुपर्दछ।
च) 'स्थानीय तह' भन्नाले अजिरकोट गाउँपालिकालाई सम्झनु पर्दछ।
छ) 'दिग्दर्शन' भन्नाले राष्ट्रिय युवा परिषद्ले निर्माण गरेको युवामैत्री स्थानीय शासनको सूचकहरु समेत समेटिएको दिग्दर्शन २०७९लाई सम्झनू पर्छ।
ज) 'विज्ञ' भन्नाले सम्बन्धित विषयमा अनुभव र दक्षता भएको व्याक्तिलाई सम्झनु पर्दछ।

झ) 'सुचक' भन्नाले ले युवा मैत्री स्थानीय शासन दिग्दर्शनमा उल्लेख गरिएका सूचकलाई सम्झनु पर्दछ।

ञ) 'गैरसरकारी संस्था' भन्नाले नेपाल सरकारले तोकेको मापदण्ड पुरा गरी गठन भएको सामाजिक संस्थालाई सम्झनुपर्दछ।

**४. युवा मैत्री स्थानीय शासन घोषणा गर्न सकिनेः** दिग्दर्शनले तोके बमोजिमको सूचकहरु प्राप्त भएपश्चात युवा मैत्री गाउँपालिका घोषणा गर्न सकिनेछ। यसको लागि तोकिएको विज्ञले उक्त सूचकहरुको प्राप्ती भएको नभएको स्वतन्त्रता पुर्वक अध्ययन गर्नुपर्नेछ। यसरी अध्ययन गर्ने विज्ञ समूहमा देहाय बमोजिमका पाँच जना सदस्य रहनेछन्।

| | |
|---|---|
| क) गाउँपालिका अध्यक्षले तोकेको जननिर्वाचित प्रतिनिधि मध्यवाट एक जना | -संयोजक |
| ख) युवा क्षेत्रमा काम गरिरहेको विज्ञ एकजना | -सदस्य |
| ग) स्थानिय युवा समितिका अध्यक्ष एकजना | -सदस्य |
| घ) गाउँस्तरीय युवा सञ्जालका अध्यक्ष एकजना | -सदस्य |
| ङ) शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख | - सदस्य सचिव |

## ५. सूचकहरु थपघट तथा अद्यावधिक गर्न सकिनेः

युवामैत्री स्थानीय शासन घोषणा गर्न दिग्दर्शनमा तोकिए बमोजिमको सूचक पुरा गरी तोकिएको अंक प्राप्त गरेको हुनुपर्छ। यद्यपि दिग्दर्शनमा उल्लेख भएका सूचकहरुलाई गाउँपालिकाले थपघट गर्न र नियमित रुपमा अद्यावधिक गर्न भने सक्नेछन्।

## ६. युवामैत्री स्थानीय तह निर्माणको समिति/संयन्त्र निर्माण गर्न सकिनेः

गाउँपालिकाले युवामैत्री स्थानिय तहको निर्माणको लागि तोकिएको सूचक प्राप्तिको लागि गर्नुपर्ने कामको योजना निर्माण, कार्यान्वयन, अनुगमन तथा मुल्यांकन लगायतका काम गर्नको लागि " युवामैत्री स्थानीय तह निर्माणको समिति/संयन्त्र" निर्माण गर्न सक्नेछ। साथै आवश्यकता अनुसार उपसमिति पनि गठन गर्न सकिनेछ। यसको लागि आवश्यकता अनुसारको सदस्य राख्नसकिने छ। यद्यपि यसरी

निर्माण गरिएको समिति तथा संयन्तरमा सम्बन्धित विषयको विज्ञ, युवा सञ्जालका प्रतिनिधिहरुको प्रतिनिधित्व सूनिश्चित गरिनुपर्छ।

**७. युवामैत्री  स्थानीय तह निर्माणको लागि विभिन्न सरकारी, गैरसरकारी तथा नीजि क्षेत्रसंग समन्वय गर्न सकिनेः** युवामैत्री स्थानीय तह निर्माणको लागि अन्य सरकारी तथा गैरसरकारी निकायहरुसँग समन्वय र सहकार्य गर्न सकिनेछ । यसको लागि विषयगत रुपमा काम गरीरहेका विभिन्न गैरसरकारी तथा सरकारीका साथै नीजि क्षेत्रसँग पनि समन्वय र सहकार्य गर्न सकिनेछ ।

**८. वार्षिक कार्यक्रम तथा आवधिक योजना बनाउदा युवामैत्री स्थानीय शासनका सूचकलाई अंग बनाउन सकिनेः** गाउँपालिकाले हरेक वर्ष निर्माण गर्ने वार्षिक कार्यक्रम तथा आवधिक योजना बनाउँदा दिग्दर्शनमा उल्लेख गरीएका सूचक र त्यसको कार्ययोजनालाई आफ्नो अंग बनाउन सकिनेछ ।

**९. पुरस्कृत गर्न सकिनेः** युवामैत्री स्थानीय शासनको लागि आवश्यक पर्ने क्षेत्रमा महत्वपूर्ण योगदान गर्ने विभिन्न व्यक्ति, संस्था, समुदाय तथा अन्य निकाय वा पक्षलाई गाउँपालिकाले विशेष कार्यक्रम गरी पुरस्कृत गर्न सक्नेछ । यसको लागि एक स्वतन्त्र र स्वायत्त सिफारिस समिति गठन गरी विशिष्ट योगदान गर्नेहरुको बारेमा सार्वजनिक सुचना मार्फत सिफारिश माग गर्न सक्नेछ । यसरी सिफारिस भई आएका मध्येबाट देहाय बमोजिमका सदस्य भएको समितिले छनौट गरी पुरस्कृत गर्नसक्नेछ ।

(क) गाउँपालिकाको उपाध्यक्ष -संयोजक
(ख) युवा वा सम्बन्धित विषयको विज्ञ एकजना - सदस्य
(ग) स्थानीय युवा सञ्जालका अध्यक्ष -सदस्य

**१०. नियन्त्रण तथा निर्देशन दिन सक्नेः**

क) कार्यपालिकाले युवामैत्री स्थानीय तह घोषणको लागि गठन गरिएका सबै समिति तथा संयन्त्रलाई नियन्त्रण गर्न र निर्देशन दिन सक्नेछ।

ख) गाउँपालिका अन्तरगत कार्यरत सरकारी, गैरसरकारी तथा निजि क्षेत्रलाई पनि निर्देशन दिन सक्नेछ।

## ११. अनुगमन तथा मूल्याङ्कनको लागि समिति गठन गर्न सकिनेः

गाउँपालिकाबाट सञ्चालन हुने युवामैत्री स्थानीय शासनको कार्ययोजना अन्तरगतका योजना तथा कार्यक्रम र गतिविधिहरुको अनुगमन तथा मूल्याङ्कन गर्नुपर्ने हुन्छ। यसको लागि युवामैत्री गाउँपालिका स्तरीय अनुगमन समिति गठन गर्न सकिने छ। जसको संयोजक तथा सदस्यहरु तपसिल बमोजिम रहने छन्।

क) गाउँपालिका उपाध्यक्ष- संयोजक

ख) शिक्षा, युवा तथा खेलकुद हेर्ने कार्यपालिका सदस्य- सदस्य

ग) प्रमुख प्रशासकिय अधिकृत- सदस्य

घ) स्थानीय युवा परिषद्को प्रमुख-सदस्य

ङ) गाउँपालिका स्तरिय युवा सञ्जालको संयोजक- सदस्य

च) शिक्षा तथा खेलकुद शाखाका प्रमुख - सदस्य सचिव

## १२. विविधः

युवामैत्री स्थानीय तह घोषणाको लागि यस कार्यविधिमा उल्लेखित प्रकियाहरुसंग नबाझिने गरी तथा प्रचलित ऐन, कानुन,तथा निर्देशनहरुसंग प्रतिकुल नहुने गरी परिमार्जन तथा आवश्यकता अनुसार अन्य प्रक्रियाहरुका सम्बन्धमा गाउँपालिकाले संसोधन गर्न, परिमार्जन गर्न निर्देशन दिन सक्नेछ।

अजिरकोट गाउँ कार्यपालिकाबाट मिति २०८० जेष्ठ १७ गते स्वीकृत भएको यस अनुसारको अजिरकोट गाउँपालिकाको युवामैत्री स्थानिय शासन कार्यक्रम सञ्चालन कार्यविधि-२०८०अजिरकोट गाउँ कार्यपालिकाको निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणिकरण ( कार्यविधि) नियमावली २०७४ को नियम ४ (१) बमोजिम प्रमाणिकरण गर्दछु।

नवराज अवस्थी<br>प्रमुख प्रशासकीय अधिकृत

मिति २०८०।०२।१७